स्थानीय सरकार

# मध्यपुर थिमि नगरपालिका

मध्यपुर थिमि नगरपालिका

# स्थानीय राजपत्र

## मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष १० मध्यपुर थिमि भक्तपुर भाद्र १ ,२०८३ साल

### भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**मध्यपुर थिमि नगरपालिकाको शिक्षक दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन कार्यविधि २०८३**

कार्यपालिकाबाट पारित मितिः-२०८३ साउन २९ गते

सम्बत २०८३ सालको कार्यविधि नं. १

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

ओजं राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

शिक्षक दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन कार्यविधि
२०८३

प्रस्तावना:- नेपाल सरकाको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ एवम् मध्यपुर थिमि नगरपालिकाको नगर शिक्षा ऐन, २०७९ को दफा ३१ सहितका प्रावधानहरु कार्यान्वयनको लागि नगर शिक्षा ऐन २०७९ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी मध्यपुर थिमि नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ:- (१)यस कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन कार्यविधि, २०८३ "रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषा:-विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) " नगरपालिका" भन्नाले मध्यपुर थिमि नगरपालिका सम्झनुपर्दछ।

(ख) "नगर शिक्षा समिति" भन्नाले नगर शिक्षा ऐन, २०७९ बमोजिम गठित नगर शिक्षा समिति सम्झनु पर्दछ।

(ग) "विद्यालय" भन्नाले यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्दछ।

(घ) "दरबन्दी" भन्नाले नेपाल सरकार वा प्रचलित कानून बमोजिम विद्यालयका लागि स्वीकृत भएको शिक्षक पद सम्झनुपर्दछ।



ओज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

(ङ) "पुलदरबन्दी" भन्नाले दरबन्दी मिलानका क्रममा कुनै विद्यालयबाट बढी हुन आएको वा तत्काल विद्यालयगत रूपमा व्यवस्थापन गर्न नसकिएको शिक्षक दरबन्दीलाई नगरपालिकाले अस्थायी रूपमा कायम गरेको दरबन्दी सम्झनु पर्दछ।

(च) "शिक्षक व्यवस्थापन "भन्नाले शिक्षकको दरबन्दी, तह, विषय, विद्यालय तथा आवश्यकताका आधारमा शिक्षकलाई उपयुक्त विद्यालयमा खटाउने वा व्यवस्थापन गर्ने कार्य सम्झनु पर्दछ।

(छ) "सरुवा" भन्नाले प्रचलित कानून बमोजिम एक विद्यालयमा कार्यरत शिक्षकलाई अर्को विद्यालयमा पदस्थापन/सरुवा गर्ने कार्य सम्झनुपर्दछ।

## परिच्छेद-२

## विद्यालय,विद्यार्थी तथा शिक्षक सम्बन्धी विवरण निर्धारण

३. विद्यालय, विद्यार्थी र शिक्षक संख्या एकिन गर्नुपर्ने :-(१)शिक्षक सरुवा तथा व्यवस्थापन गर्नुपूर्व नगरपालिकामा रहेका सामुदायिक विद्यालयको संख्या, विद्यालयको तह, विद्यार्थीको कक्षागत संख्या तथा शिक्षक संख्या एकीन गर्नुपर्ने छ।

(२) विद्यार्थी संख्या एकीन गर्दा चालु शैक्षिक सत्रमा अर्थात अघिल्लो शैक्षिक सत्रको अन्तिममा कायम भएका विद्यार्थी संख्या ,तत्कालमाशैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS)मा रहेको विद्यार्थी संख्यालाई समेत आधार लिइनेछ।

(३) संख्या एकीन गर्दा समुदायमा विद्यालयको अवस्था, विद्यार्थीको उपलब्धता, नजिकै रहेको अन्य विद्यालयको अवस्था, सामुदायिक विद्यालयको सुदृढीकरणको आवश्यकता जस्ता विषयलाई मुख्य आधार लिइ संख्यालाई निर्धारण गरिनेछ ।

(४) शिक्षक संख्या एकिन गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले उपलब्ध गराएको दरबन्दी तालिकालाई आधार मानी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ८ बमोजिम रिक्त भएका तथा कनिष्ठतालाई आधार मानी यस नगरपालिकामा कायम भएको खुद पुल दरबन्दी कट्टा गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाइसकेको र बाँकी दरबन्दी तथा राहत दरवन्दी यस नगरपालिकाको वास्तविक दरबन्दी (स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटा) हुने भएकोले सोही दरबन्दीलाई आधार मानी मिलान, सरुवा तथा व्यवस्थापन गरिनेछ।

## परिच्छेद-३

## दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापनका आधार

४.शिक्षक दरवन्दी मिलान, सरुवा तथा व्यवस्थापन देहायको आधारमा गरिनेछः-

(१) शिक्षक दरवन्दी मिलान गर्दा आधारभूत तह कक्षा १-५ का लागि शिक्षक विद्यार्थी अनुपात नगर शिक्षा समितिले निर्णय गरी तोके बमोजिम कायम गरिनेछ ।

(२) दफा ३(२) अनुसार अध्यावधिक भएको विद्यार्थी सङ्ख्यालाई मुख्य आधार बनाईनेछ।

(३) विद्यालयमा कार्यरत स्थायी/करार/राहत/शिक्षण सिकाई अनुदान लगायत सबैमा कार्यरत तहगत शिक्षकको सङख्यालाई आधार मान्नुपर्नेछ।

(४) दरबन्दी मिलानका क्रममा विद्यालयहरुमा बढी हुन आई कटौती हुनु पर्ने दरबन्दीलाई नगर शिक्षा समितिको पुल दरबंन्दीमा राखी शिक्षक विद्यार्थी

अनुपातका आधारमा अन्य विद्यालयमा खटाउने र यसरी खटाउँदा सबै भन्दा बढी बिद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिने।

(५) शिक्षक खटाउँदा भरसक माथिल्लो शैक्षिक योग्यता भएकालाई माथिल्लो तहमा, शिक्षक कमी भएका विद्यालयहरुमा खटनपटनको व्यवस्था मिलाइनेछ ।

(६) सम्बन्धित तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा तल्लो तहको उपल्लो शैक्षिक योग्यता भएका शिक्षकबाट कक्षा सञ्चालनको व्यवस्था मिलाई तत्कालको शिक्षक अभावलाई सम्बोधन गर्दै लगिनेछ।

(७) दरबन्दी मिलान गर्दा सकेसम्म विषयगत समस्या न्यून हुने गरी मिलान गर्नुपर्नेछ।

(८) दरबन्दी मिलानका क्रममा विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या कटौतीमा परेका र यस अघि रिक्त भएका एवम् रिक्त हुन आउने कुनै पनि तहको दरबन्दीमा पदपुर्ति गर्दा दरबन्दी थप गर्नुपर्ने विद्यालयमा मिलान तथा समायोजन गर्दै लगिनेछ।

(९) दरबन्दी मिलान कार्य भनेको शैक्षिक जनशक्तिको सङ्ख्यात्मक र विषयगत मिलान समेत भएकाले शिक्षा ऐन तथा नियमावलीको अनुसूचीमा उल्लेखित तहगत र विषयगत मिलानमा प्रतिकुल प्रभाव पर्ने गरी विषय परिवर्तन गरिने छैन।

(१०) कुनै पनि विद्यालयमा शिक्षा नियमावली, २०५९को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दीमा एउटै विषयका शिक्षक बढी हुन आएमा विषयगत मिलान हुने गरी पदपुर्ति गर्नुपर्नेछ।

(११). दरबन्दी मिलान पश्चात कुनै विद्यालयको दरबन्दी कट्टा गर्नुपरेमा तपसिल अनुसार गर्नुपर्नेछ:



भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

(क) सम्बन्धित विद्यालयमा खाली रहेको दरबन्दी।

(ख) विद्यालयको आवश्यकताको आधारमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरी पठाएको शिक्षक। यसरी व्यवस्थापन गर्दा विषयगत दरबन्दीको व्यवस्था प्रतिकूल हुने गरि गर्न नहुने ।

५. दरबन्दी मिलान पश्चात दरबन्दी थप/घट गर्नुपर्दा निम्न पक्षहरुलाई आधार लिनुपर्नेछः-

(१) सबै भन्दा बढी बिद्यार्थी सङ्ख्या रहेको विद्यालय।

(२) माथिल्लो तह सञ्चालित विद्यालय।

(३) प्राथमिक तहको हकमा दरबन्दी कटौती धेरै हुने तथा थप गर्नुपर्ने सङ्ख्या बढी भएको अवस्थामा प्राथमिकताको आधारमा विद्यालयको छनौट गरिनेछ।

(४) दरबन्दी मिलानको क्रममा नि.मा.वि. र मा.वि. तहमा दरबन्दी कटौती नहुने तर थप गर्नुपर्ने अवस्थामा नेपाल सरकारबाट दरबन्दी प्राप्त भए पश्चात नियमानुसार दरबन्दी थप गर्दै लगिनेछ।

(क) दरबन्दी मिलान गर्दा विद्यालयमा आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएको खण्डमा न्यूनतम दरबन्दी ४ र ५ वटा हुनुपर्नेमा सो नभएको अवस्थामा दुबै तहमा ४ वटा सम्म दरबन्दी थप गर्नुपर्ने भएको तर दरबन्दी अभावका कारणले गर्दा ती दुबै तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा प्राथमिक तहको पुल दरबन्दीबाट सम्बोधन गर्दै जाने व्यवस्था मिलाउनुपर्नेछ।

(ख) शिक्षक सरुवा तथा व्यवस्थापन गर्दा नगरपालिकामा कायम हुन आएको माथिल्लो तहमा गणना हुने प्राथमिक तहको पुल दरबन्दीमा कार्यरत शिक्षकहरुलाई पनि उपदफा ४ (क) मा उल्लेखित आधारमा माथिल्लो



भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

तहमा अध्यापन गराउने गरी खटाईने छ। यसरी खटाएको शिक्षकलाई नगरपालिकाले अतिरिक्त प्रोत्साहनको व्यवस्था गर्न सक्नेछ।

(ग) उपदफा ४(ख)अनुसार खटाईएको शिक्षकको पत्रमा माथिल्लो तहमा गणना हुने प्राथमिक तहको पुल भनी उल्लेख गरिनेछ र यस्तो दरबन्दी रिक्त भएमा वा प्राथमिक तहको कुनै पनि दरबन्दी रिक्त भएमा नेपाल सरकारको नीति अन्तर्गत दरबन्दी रुपान्तरण हुने अवस्था भएमा माथिल्लो तहमा गणना हुने पुल भनी केन्द्रले कायम गरिदिएको सङ्ख्यामा नबढ्ने गरी दरबन्दी रुपान्तरणको लागि शिक्षा विभागमा सिफारिस गरिनेछ ।

(घ) अपाङ्गता भएका शिक्षकको हकमा अपाङ्गताको अवस्था अनुसार निजलाई घर पायक पर्ने गरी व्यवस्थापन गरिनेछ। निजहरुको सन्दर्भमा नगरपालिकाले बुँदानं (१) को आधार लिईरहनु पर्ने छैन्।

(ङ) विद्यालयको शैक्षिक वातावरण एवम् शैक्षिक गुणस्तर सुधारका लागि आवश्यकता अनुसार नगर शिक्षा समितिले नगरपालिका भित्र शिक्षक सरुवा गर्न सक्नेछ । यसरी शिक्षक सरुवा गर्दा सके सम्म प्रत्येक वर्षको नयाँ शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तिमा १५ दिन अगाडि गरिसक्नु पर्नेछ।

(च) विद्यालयको शैक्षिक वातावरणमा बाधा पर्ने खालको विशेष अवस्थामा सिर्जना भएमा नगर शिक्षा समितिले जुनसुकै समयमा शिक्षक सरुवा गर्न सक्नेछ।

६. जिल्लान्तर तथा अन्तर स्थानीय तह सरुवा:-विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले आवश्यकता अनुसार प्रचलित ऐन नियमावली एवम् अन्य कानून बमोजिम सरुवाका लागि सहमति प्रदान गर्न सक्नेछ।



भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

७. विद्यालयगत शिक्षक व्यवस्थापन गर्ने आधारः-(१)विधालयगत शिक्षक व्यवस्थापन गर्दा शिक्षा नियमावलीमा उल्लेख भए अनुसार यस नगरपालिकामा कायम हुने शिक्षक विद्यार्थी अनुपात भन्दा बढी नहुने गरी शिक्षक व्यवस्थापन गरिनेछ।

(२) शिक्षा नियमावलीले तोकेको एवम् नगरपालिकाको शिक्षा ऐन रउपलब्ध शिक्षक दरबन्दीको आधारमा शिक्षक विद्यार्थी अनुपात कायम गर्दा बढी हुन आएका शिक्षकहरुको हकमा विद्यार्थी संख्या, विद्यालयको वर्ग/सेक्सन विभाजन,भविष्यमा विद्यार्थी बढ्न सक्ने अवस्था समेतलाई ध्यानमा राखी उक्त विद्यालयहरुमा शिक्षकको व्यवस्थापन गरिनेछ। हाल कायम भएका शिक्षक विद्यार्थी अनुपात भन्दा वढी शिक्षक दरवन्दी नगरपालिकाको पुल दरबन्दीको रुपमा रहनेछ।

(३) आधारभूत तहको कक्षा एक देखि पाँच सम्म शिक्षक विधार्थी अनुपातको आधारमा तथा अन्य कक्षाहरुको हकमा शिक्षक विद्यार्थी अनुपात र विषयगत आधारमा शिक्षक व्यवस्थापन गरिनेछ ।

८. दरबन्दी मिलान सम्बन्धी व्यवस्थाः-कक्षा १-३ को हकमा नगर शिक्षा समितिले तोकेको न्यूनतम विद्यार्थी संख्या भन्दा कम विद्यार्थी भए पनि कम्तिमा २ दरबन्दी रहनुपर्नेछ। आधारभूत तह (कक्षा१-५)को हकमा नगर शिक्षा समितिले तोकेको शिक्षक विद्यार्थी अनुपातको आधारमा र आधारभूत तह (कक्षा६-८) तथा माध्यमिक तह (कक्षा ९-१०)कोहकमा विद्यार्थी संख्या , विषयगत र प्रचलित ऐन तथा नियमावलीमा तोकिएको आधारमा शिक्षकको व्यवस्थापनगरिनेछ।

९. दरबन्दी मिलानको क्षेत्र :-(१)नगरपालिकाले दरबन्दी मिलान गर्दा नगरपालिका भित्रको सबै विद्यालयको एकै पटक वा आवश्यकता अनुसार नगर शिक्षा समितिले गर्न सक्नेछ।

(२)उपदफा(१) अनुसार दरबन्दी मिलान गर्नु परे सोको कारण र औचित्यताको पुष्टि नगर शिक्षा समितिले गर्न सक्नेछ।



ओज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

१०. शिक्षक सरुवा तया व्यवस्थापनका लागि लिईने थप आधारहरुः- माथि उल्लेखित आधार बाहेक देहायका थप आधारहरु समेतलाई ध्यान दिई नगर शिक्षा समितिले शिक्षक सरुवा तथा व्यवस्थापन गर्न सक्नेछ।

(१) शिक्षक व्यवस्थापन गर्दा सम्बन्धित तह र विषयको नियुक्ति लिएका शिक्षकहरुलाई सोही तह र विषय मिल्ने गरी गर्नु पर्नेछ र सो पछि मात्रै माथिल्लो तहमा गणना गर्ने प्राथमिक तहको पुल दरबन्दी कायम भएको शिक्षकहरुको माथिल्लो तहको शैक्षिक योग्यता भएको विषय तथा शिक्षकको क्षमता र कार्यसम्पादन हेरी व्यवस्थापन गर्नुपर्नेछ ।

(२) दफा (२) को आधारहरुका अतिरिक्त शिक्षक व्यवस्थापन गर्दा नगरपालिकाले थप आधारहरु तयार गर्न सक्नेछ।

(३) शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनका आधारमा सरुवा तथा व्यवस्थापन गरिनेछ ।

(४) शिक्षक व्यवस्थापनका लागि स्थायी, राहत र करारका शिक्षकहरु आवश्यकता अनुरुप नगर शिक्षा समितिको निर्णय अनुसार विभिन्न विद्यालयमा सरुवा गर्न सकिनेछ ।

(५) शिक्षकले सम्बन्धित विद्यालयहरुको सहमति सहित नगरपालिकामा निवेदन दिएमा नगर शिक्षा समितिले सरुवा गर्न सक्नेछ।

## परिच्छेद-४
## दरबन्दी कट्टा तथा थप

११. दरबन्दी कट्टा तथा थप गर्ने आधारः-(१) शिक्षक संख्या तथा व्यवस्थापनको कार्य हुदै गर्दा वा सम्पन्न भएपछि नगरपालिका अन्तर्गतको कुनै विद्यालयमा दरबन्दी कट्टा गर्नुपर्ने भएमा दफा ४, ६, ७, ८ र ९का अतिरिक्त देहायका विषयहरुलाई आधार लिइनेछ :



भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

(क) शिक्षक विधार्थी अनुपातको आधारमा विद्यार्थी सङ्ख्या न्यून भएमा,

(ख) विषयगत दरबन्दी तोकिए भन्दा बढी भएमा,

(ग) विद्यालयमा कुनै विषय वा तहको दरबन्दी आवश्यक नभएको भनि विद्यालय व्यवस्थापन समितिको सिफारिस समेतको आधारमा,

२) उपदफ(१) अनुसार कुनै विद्यालयको दरबन्दी कट्टा भइ वा अन्य कुनै कारणबाट नगरपालिकामा दरबन्दी प्राप्त हुन आएमा देहायको आधारमा अन्य विद्यालयमा दरबन्दी थप गरिनेछः

(क) नेपाल भाषामा पठन् पाठन गर्ने विद्यालय,

(ख) अंग्रेजी माध्यमबाट पठन पाठन गर्ने विद्यालय,

(ग) प्राविधिक विषय पठन पाठन गर्ने विद्यालय

(घ) विद्यालयमा शिक्षक विद्यार्थी अनुपातको आधारमा विद्यार्थी सङ्ख्या बढी देखिएको विद्यालयहरु मध्ये प्राथमिकताक्रमको आधारमा,

(ङ) विषयगत आवश्यकताको आधारमा,

(च) कुनै विद्यालयको लागि तोकिएर आएको दरबन्दीको हकमा उक्त दरबन्दी सोही आधारमा वितरण गरिनेछ।

ओजराज ...
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार ... नगरपालिका ... २०७३

## परिच्छेद-५
## विविध

१२. बचाउ र खारेजीः-(१) शिक्षक दरबन्दी मिलान सरुवा तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम भएका कार्य तथा निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

(२) शिक्षक दरबन्दी मिलान सरुवा तथा व्यवस्थापन कार्यविधि, २०८० खारेज गरिएको छ।

## अनुसूची– १

## स्थानीय तहगत शिक्षक/कर्मचारी विवरण

जिल्लाः भक्तपुर

स्थानीय तहः मध्यपुर थिमि नगरपालिका

| क्र.सं. | पूर्वप्राथमिक तह | आधारभूत (कक्षा १-५) | | | आधारभूत(कक्षा ६-८) | | | माध्यमिक तह (कक्षा ९-१०) | | | माध्यमिक तह (कक्षा ११-१२) | | | प्राविधिक धार तर्फ | | | | | | विशेषशिक्षा तर्फका शिक्षक तथा कर्मचारी | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | विद्यालयसङ्ख्या | कक्षा ९-१० | | कक्षा ११-१२ | | | | | | | | |
| १. | स्वीकृतअनुदान कोटा | स्वीकृतदरबन्दी | राहतअनुदान कोटा | जम्मा | स्वीकृतदरबन्दी | राहतअनुदान कोटा | जम्मा | स्वीकृतदरबन्दी | राहतअनुदान कोटा | जम्मा | दरबन्दी | राहतअनुदान कोटा | जम्मा | | सहायक प्रशिक्षक | प्रशिक्षक | प्रशिक्षक | [illegible] | जम्मा | प्राथमिक | नि.मा. | माध्यामिक | जम्मा | कर्मचारी | |
| जम्मा | २० | ११४ | १२ | १२६ | ३४ | १३ | ४७ | ३८ | ५ | ४३ | ६ | | ६ | १ | २ | २ | २ | २ | ८ | ३ | | २ | ५ | ३ | |

गोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

## अनुसूची-२

### मध्यपुर थिमि नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरु

| क्र.सं. | विद्यालयको नाम रठेगाना | सञ्चालित कक्षा |
|---|---|---|
| १. | बालसेवा आ.वि., कुण्डोल,म.थि.न.पा.-०६,कुण्डोल | बाल विकास केन्द्र-कक्षा ८ |
| २. | बालप्रभा मा.वि. म.थि.न.पा.-०२,सानोठिमी | कक्षा ५-कक्षा १० |
| ३. | आदर्श मा.वि., म.थि.न.पा.-०२,सानोठिमी | बाल विकास केन्द्र-कक्षा १२ |
| ४. | प्राणोदय आधारभूत विद्यालय म.थि.न.पा.-०५,जल्खु | बाल विकास केन्द्र-कक्षा ५ |
| ५. | ज्ञान विकास आ.वि., म.थि.न.पा.-०८,सिन्टिटार | बाल विकास केन्द्र-कक्षा ५ |
| ६. | लोकन्थली आधारभुतविद्यालय म.थि.न.पा.-०२,सानोठिमी | बाल विकास केन्द्र-कक्षा ५ |
| ७. | बोडे मा.वि., म.थि.न.पा.-०८,बोडे | बाल विकास केन्द्र-कक्षा १२ |
| ८. | जनक सिद्धिकाली मा.वि. म.थि.न.पा.-०६,सिध्दिकाली | बाल विकास केन्द्र-कक्षा १० |
| ९. | जनप्रेमी आ.वि., म.थि.न.पा.-०३,कौशलटार | बाल विकास केन्द्र-कक्षा ८ |
| १०. | आदर्श मा.वि., म.थि.न.पा.-०४,लायकू | बाल विकास केन्द्र-कक्षा १२ |
| ११. | बाल प्रेमी मा.वि., म.थि.न.पा.-०४,थिमि | बाल विकास केन्द्र-कक्षा १० |
| १२. | नील बाराही प्राइमरी स्कुल म.थि.न.पा.-०९,टिगनी | बाल विकास केन्द्र-कक्षा ५ |
| १३. | हिमालय प्राइमरी स्कुल म.थि.न.पा.-०९,निरपुर | बाल विकास केन्द्र-कक्षा ५ |



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

ओज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १४. | सरस्वती आ.वि., मनोहरा म.थि.न.पा.-०१,मनोहरा | बाल विकास केन्द्र-कक्षा ८ |
| १५. | आस्था महिला विद्यालय म.थि.न.पा.-०३,गठ्ठाघर | कक्षा ५-कक्षा १० |
| १६. | महेन्द्र आ.वि., जातिगाल म.थि.न.पा.०२,जातिगाल | बाल विकास केन्द्र-कक्षा ८ |
| १७. | गणेश मा.वि.,म.थि.न.पा.-०७,नगदेश | बाल विकास केन्द्र-कक्षा१२ |
| १८. | मानव विद्यागृह म.थि.न.पा.-०६,सिध्दिकाली | बाल विकास केन्द्र-कक्षा १० |

## अनुसूची -३
## प्राविधिक धार सञ्चालित विद्यालय

| विद्यालयको नाम | अध्यापन हुने विषय |
|---|---|
| आदर्श मा.वि., म.थि.न.पा.-०२,सानोठिमी | कम्प्युटर इन्जिनियरिङ |

ओम राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

अनुसूची –४
अन्य प्रकारका विद्यालयहरु

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | प्रकृति/प्रकार |
|---|---|---|---|
| १. | बालप्रभा मा.वि. म.थि.न.पा.-०२,सानोठिमी | कक्षा ५-१० | कानुनी झमेलामा परेका विद्यार्थी अध्ययन गराउने विद्यालय |
| २. | मानव विद्यालय गृह. म.थि.न.पा.-०६,सिध्दिकाली | कक्षा ५-१० | विशेष विद्यालय(बौध्दिक अपाङ्गता) |
| ३. | आदर्श मा.वि. म.थि.न.पा.-०४,लायकू | कक्षा ५-१२ | स्रोतकक्षा सञ्चालित विद्यालय(दृष्टिबिहिन) |
| ४. | आस्था महिला विद्यालय मा.वि. म.थि.न.पा.-०३,गट्ठाघर | कक्षा ५-१० | महिला विद्यालय |

प्रमाणीकरण मिति २०८३।०५।०१

आज्ञाले
भोजराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत